सर्वोच्च अदालत, बृहत पूर्ण इजलास
माननीय न्यायाधीश श्री तिलप्रसाद श्रेष्ठ
माननीय न्यायधीश श्री शारङ्गा सुवेदी
माननीय न्यायाधीश श्री महेश शर्मा पौडेल
माननीय न्यायाधीश श्री टेकप्रसाद ढुङ्गाना
माननीय न्यायाधीश श्री सुनिल कुमार पोखरेल

आदेश

०८०-FN-१२१९ (०७८-RB-०४१४)

मुद्दा : <u>बैकिङ्ग कसूर</u>।

महेन्द्रप्रसाद मिश्र------------------------------------------------------------१ <u>निवेदक</u>
पुनरावेदक/प्रतिवादी

**विरुद्ध**

डोमा याङछेनको जाहेरीले नेपाल सरकार------------------------------------१ <u>प्रत्यर्थी</u>
वादी

यसमा यस अदालतको संयुक्त इजलासको मिति २०८१।३।११ को आदेशानुसार यस इजलासमा पेश हुन आएको प्रस्तुत निवेदनका सन्दर्भमा आज सुनुवाइको क्रममा निवेदकका तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्तात्रय डा. श्री विजयप्रसाद मिश्र, श्री हरिश्चन्द्र सुवेदी र श्री मेघराज पोखरेल तथा विद्वान अधिवक्ताद्धय डा. श्री दिनमणी पोखरेल र श्री नवराज तिमिल्सिना तथा प्रत्यर्थी वादी नेपाल सरकारको तर्फबाट उपस्थित विद्वान उपन्यायाधिवक्ता श्री पुष्पराज बास्तोलाको वहस सुनियो।

निवेदकका तर्फबाट प्रस्तुत हुन आएको निवेदनको व्यहोरा हेर्दा, निज निवेदकका विरुद्धमा उच्च अदालत पाटनमा ०७६-CB-०५३३ नं को बैकिङ्ग कसूर मुद्दाको अभियोग पेश भएकोमा उच्च अदालतबाट मिति २०७६।८।२२ मा फैसला हुँदा निजलाई ७ दिन कैद र रु ५२,००,०००।- (बाउन्न लाख) जरिवाना हुने ठहरी फैसला भएको रहेछ। उक्त फैसला उपर यस अदालतमा ०७८-RB-०४१४ को पुनरावेदन पत्र मिति २०७८।४।१८ मा दायर हुन आएकोमा निजलाई हुने ठहरेको सजाय वापतमा धरौट वा जमानत दिन नसकेको कारण कैदमा बसेको अवस्था रहेछ। मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) मा धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदन उपर त्यस्तो पुनरावेदन दर्ता भएको ६ महिनाभित्र फैसला हुन नसकेमा निजलाई त्यस्तो अवधि पछि कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नु पर्ने व्यवस्था भए अनुरुप आफूलाई पनि कैदबाट मुक्त गरी तारिखमा राखी प्रस्तुत पुनरावेदनको पुर्पक्ष गरी पाउँ भन्ने माग दावी लिई निवेदकका तर्फबाट प्रस्तुत निवेदन यस अदालतमा पर्न आएको देखियो।

प्रस्तुत निवेदन यस भन्दा अगाडि मिति २०८१।३।११ मा यसै अदालतको संयुक्त इजलासमा पेश भएकोमा यसै विषयमा यस अघि ०७७-RF-०००१ को मुद्दामा पूर्ण इजलासबाट मिति २०७८।५।१७ मा आदेश हुँदा माथि उल्लिखित दफा १३७(६) बमोजिम धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन गरेको अवस्थामा ६ महिना भित्र फैसला हुन नसकेमा कैदबाट मुक्त भइ तारिखमा बसी पुर्पक्ष गर्न पाउने गरी आदेश भएको भए पनि सो आदेशमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२(१) र (४) को कानूनी व्यवस्थालाई आवद्ध गरी व्याख्या हुन नसकेको भनी सर्वोच्च अदालत नियमावली, २०७४ को नियम २२(२)(च) बमोजिम प्रस्तुत निवेदन वृहत पूर्ण इजलासमा पेश गर्ने आदेश भए अनुसार आज यस इजलासमा पेश हुन आएको देखिन्छ। यस अदालतको संयुक्त इजलासबाट वृहत पूर्ण इजलासमा पेश गर्ने आदेश हुँदा एकातर्फ अदालतको फैसलाले लागेको दण्ड जरिवानाको असूली र पीडितको विगो तथा क्षतिपूर्ति भराउनु पर्ने कुराको सुनिश्चितता गर्नु पर्ने कानूनी व्यवस्थाको परिपालनाको प्रश्न छ भने अर्को तर्फ धरौट वा जमानत राख्न नसकी थुनामा परेका व्यक्तिको छिटो छरितो फैसला गरी न्यायको प्रत्याभूति दिनु पर्ने कानूनी कर्तव्य अदालतलाई विधायिकाले सुम्पेको स्थिति देखिन आउँछ भन्दै यी दुवै पक्षमा रहेका कानूनी व्यवस्थाको सन्तुलित व्याख्या र प्रयोग हुनु पर्ने आवश्यकता औंल्याइएको पाइन्छ।

उपर्युक्त अनुसार यस अदालतको संयुक्त इजलासबाट उठाइएको विषयलाई ध्यानमा राखी निवेदकले आधार लिएको मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) मा भएको व्यवस्थालाई हेर्दा "उपदफा (२) वा (४) बमोजिम धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन दिने व्यक्तिको पुनरावेदन उपर त्यस्तो पुनरावेदन दर्ता भएको मितिले छ महिना भित्र फैसला हुन नसकेमा सम्बन्धित पुनरावेदन सुन्ने अदालतले निजलाई त्यस्तो अवधि पछि कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्नु पर्नेछ" भनी उल्लेख भएको पाइन्छ। उक्त दफा १३७(६) मा उल्लिखित उपदफा (२) मा भएको व्यवस्था हेर्दा अदालतबाट पुर्पक्षको लागि थुनामा राख्न नपर्ने आदेश भई थुनामा नबसेको अवस्थामा दशवर्षसम्म कैद सजाय भएको कसूरदारले थुनामा नबसी पुनरावेदन दिने अनुमतिका लागि कारण खुलाई निवेदन गरेमा र त्यस्तो कारण मनासिब देखिएमा पुनरावेदन सुन्ने अदालतले निजसंग धरौट वा जमानत लिई पुनरावेदन गर्ने अनुमति दिन सक्ने व्यवस्था भएको पाइन्छ भने उपदफा (४) मा कैद मै बसी पुनरावेदन गर्नु पर्ने भनी उपदफा (१) मा तोकिएका र उपदफा (२) बमोजिम अदालतको अनुमतिले धरौट वा जमानत दिई पुर्पक्षको लागि तारिखमा रहन पाउने बाहेकका अन्य व्यक्तिले फैसला बमोजिम आफूलाई भएको सजाय वापत फैसला गर्ने वा पुनरावेदन सुन्ने अदालतमा धरौट वा जमानत दिई पुनरावेदन गर्न सक्ने व्यवस्था भएको पाइन्छ। उल्लिखित कानूनी व्यवस्थाहरुलाई समग्रतामा हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७ को यो व्यवस्था पुनरावेदन तहको मुद्दाको पुर्पक्षसंग सम्बन्धित रहेको, पुनरावेदन तहको मुद्दाको पुर्पक्ष गर्दा उपदफा (१) मा उल्लिखित अवस्थाको मुद्दामा कैद मै बसी पुर्पक्ष गर्नु पर्ने, उपदफा (२) को अवस्थाको मुद्दामा कुनै प्रतिवादीलाई कैद सजाय हुने ठहरी फैसला भएको भए पनि पुनरावेदन सुन्ने सम्बन्धित अदालतको अनुमतिले तारिखमा रही पुर्पक्ष गर्न पाउने तथा उपदफा (१) र (२) मा उल्लेख भए देखि बाहेकका अन्य व्यक्तिले निजलाई हुने ठहरेको सजाय वापतमा अधिकार कै रुपमा धरौट वा जमानत दिई पुर्पक्षको लागि तारिखमा रहन पाउने व्यवस्था भएको पाइन्छ। निवेदकले उठाएको दफा १३७(६) को व्यवस्था पुनरावेदन तहको मुद्दामा कैद मै बसी पुर्पक्ष गर्नु पर्ने उपदफा (१) को अवस्थाको मुद्दाका सन्दर्भमा आकर्षित हुने नदेखिई उपदफा (२) बमोजिम अदालतको अनुमतिले धरौट वा जमानत लिई पुर्पक्षका लागि तारिखमा रहन पाउने अवस्थाका व्यक्तिले पुनरावेदन गर्दा धरौट वा जमानत दिन नसकी कैद मै बसी पुर्पक्ष गरी आएका तथा उपदफा (४) बमोजिम अधिकार कै रुपमा धरौट वा जमानत दिई पुर्पक्षका लागि तारिखमा रहन पाउने व्यक्तिले धरौट वा जमानत दिन नसकी पुर्पक्षका लागि कैदमा

बसी आएका व्यक्तिहरुका हकमा आकर्षित हुने देखिन्छ। यसरी उपदफा (२) वा (४) बमोजिम धरौट वा जमानत दिई पुर्पक्षको लागि तारिखमा रहन पाउने अवस्थाको व्यक्ति धरौट वा जमानत दिन नसकी पुनरावेदन तहको मुद्दामा पुर्पक्षको लागि कैदमा बस्नु परेको अवस्था रहेछ भने दफा १३७(६) ले त्यस्तो व्यक्तिको मुद्दा पुनरावेदन दर्ता भएको ६ महिना भित्र फैसला गर्नु पर्ने र यदि ६ महिना भित्र फैसला हुन सक्दैन भने कैदमा रहेका व्यक्तिलाई त्यस्तो अवधिपछि कैदबाट छाडी पुर्पक्षको लागि तारिखमा राख्नु पर्ने व्यवस्था गरेको पाइन्छ। यो दफा १३७(६) को व्यवस्था आफैमा प्रष्ट छ। कानून आफैमा प्रष्ट छ भने सोही बमोजिमको अर्थ दिनु अदालतको कर्तव्य हुन्छ। यो व्यवस्थाले धरौट वा जमानत दिन नसकी कैदमा बस्नु परेका व्यक्तिहरुको पुनरावेदन ६ महिना भित्र फैसला गर्नु पर्ने जिम्मेवारी पुनरावेदन तहको अदालतलाई सुम्पेको देखिन्छ। यदि ६ महिना भित्र फैसला गर्न सकिंदैन भने अदालत आफूले निर्वाह गर्नु पर्ने कर्तव्य र दायित्व पूरा गर्न नसकेको कारणले व्यक्तिको वैयक्तिक स्वतन्त्रताको हकमा आघात पुग्नु हुँदैन भन्ने मान्यता यो दफा १३७(६) ले राखेको पाइन्छ। यो दफा १३७ ले कैद मै बसी पुर्पक्ष गर्नु पर्ने अवस्थाका व्यक्तिहरुको मुद्दा र धरौट वा जमानत दिन नसकी कैदमा बसी पुर्पक्ष गर्नु पर्ने अवस्थाका व्यक्तिहरुको मुद्दालाई फरक फरक ढङ्गबाट हेरेको देखिन्छ। थुनामा बसी पुर्पक्ष गरेका सबै थुनुवाहरुको मुद्दाको कारवाही र सुनुवाइमा प्राथमिकता पाउनु पर्ने कुरामा द्विविधा छैन। हाम्रो प्रचलित कानूनले यस्ता मुद्दाहरुको सुनुवाइमा प्राथमिकता दिएको देखिएकै पनि छ तर धरौट वा जमानत दिई पुर्पक्षको लागि तारिखमा रहन पाउने अवस्थाका व्यक्तिहरु धरौट जमानत दिन नसकेको कारण कैदमा बस्नु परेको अवस्था छ भने त्यस्ता व्यक्तिको मुद्दाहरु ६ महिनभित्रै फैसला गर्नु पर्ने गरी अदालतलाई थप वाध्यात्मक कर्तव्य तोकेको र यो कर्तव्य पूरा गर्न सकिंदैन भने त्यस्तो अवधि पछि पुर्पक्षको लागि तारिखमा राख्नु पर्ने वाध्यात्मक व्यवस्था पनि यो दफा १३७ को उपदफा (६) ले गरेको देखिन्छ। त्यसैले निवेदकको प्रस्तुत निवेदन जिकिर कानून विपरीत रहेको देखिएन।

जहाँसम्म यस अदालतको संयुक्त इजलासबाट मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) को व्याख्या गर्दा दफा १६२ को उपदफा (१) र (४) संग पनि सामान्जस्यता हुने गरी व्याख्या हुनु पर्ने भनी उल्लेख गरिएको विषय छ, सो सम्बन्धमा बिचार गर्दा प्रस्तुत निवेदनमा जुन सन्दर्भको विषय उठाइएको छ, त्यो पुनरावेदन तहको मुद्दामा फैसला नहुँदैको अवस्थामा सम्बन्धित पुनरावेदक पुर्पक्षमा रहने व्यवस्था र धरौट वा जमानत दिन नसकेको कारण

पुर्पक्षको लागि कैदमा बस्नु परेको अवस्थासंग सम्बन्धित रहेको देखिन्छ भने मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को उपदफा (१) र (४) को व्यवस्था फैसला अन्तिम भएपछि जरिबानाको सजायको कार्यान्वयनसंग सम्बन्धित रहेको देखिन्छ। दफा १६२ मा भएको यो व्यवस्थालाई सोही संहिताको दफा १५३ का सन्दर्भमा समेत हेरिनु पर्ने हुन्छ।दफा १५३ मा पुनरावेदन लाग्ने मुद्दामा पुनरावेदन परेको भए पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम किनारा नभएसम्म अदालतले फैसला कार्यान्वयनको काम स्थगित गर्नु पर्ने व्यवस्था भएको पाइन्छ। दफा १५३ लाई पनि संगसंगै राखेर दफा १६२ को उपदफा (१) र (४) मा भएको व्यवस्थालाई हेर्दा यी व्यवस्थाहरु पुनरावेदनको रोहबाट मुद्दाको अन्तिम फैसला भइसके पछि मात्र आकर्षित हुने देखिन आयो। यस अर्थमा, प्रतिवादीको पुनरावेदन गर्ने म्याद बाँकी छँदै वा दर्ता भएको पुनरावेदन पत्रको टुङ्गो नलाग्दै दफा १६२(१) र (४) को व्यवस्थाहरु कृयाशिल हुन सक्दैनन्। यस हिसावले हेर्दा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १६२ को उपदफा (१) र (४) मा जरिवानाको रकम तत्काल बुझाउनु पर्ने भनी उल्लेख भएको व्यवस्थालाई आधार मानी धरौट वा जमानत दिन नसकी कैदमा बसी पुनरावेदन गर्ने पुनरावेदकका हकमा निजको पुनरावेदन ६ महिना भित्र फैसला हुन नसकेको अवस्थामा सोही संहिताको दफा १३७(६) मा भएको व्यवस्था बमोजिम कैदबाट छाडी तारिखमा राखी पुर्पक्ष गर्न सकिंदैन भन्न मिल्ने देखिएन।

तसर्थ, निवेदक महेन्द्र प्रसाद मिश्रले निजलाई फैसलाले लागेको कैद अवधि भुक्तान गरी सकेको देखिएको र जरिवाना वापतमा धरौट वा जमानत दिन नसकी कैदमा बसी मिति २०७८।४।१८ मा पुनरावेदन दर्ता गरेकोमा पुनरावेदन दर्ता गरेको मितिले ६ महिना भित्र फैसला हुन सकेको नदेखिंदा अन्य मुद्दा वा कारणबाट थुनामा बस्नु पर्ने अवस्था नभए मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १३७(६) बमोजिम निजलाई कैदबाट मुक्त गरी प्रस्तुत मुद्दामा तारिखमा राखी पुर्पक्ष गर्नु गराउनु।

संयुक्त इजलासको माथि उल्लेखित आदेशले फैसलाले लागेको दण्ड जरिवाना असूलीको सुनिश्चितताको विषयलाई पनि गम्भिरताका साथ लिनु पर्ने तर्फ संवेदनशिलता औंल्याएको सम्बन्धमा विचार गर्दा वास्तवमा दण्ड जरिवाना असूली लगायतका फैसला कार्यान्वयनको विषयहरु समग्र न्यायपालिका कै गम्भीर चासो र सरोकारको विषय हो। मुद्दाको फैसला गर्नमा अदालतबाट जति गम्भीरता देखाइन्छ त्यति नै गम्भीरता फैसलाको कार्यान्वयनमा देखाइएको छैन भन्ने आम गुनासो पनि सुन्ने गरिन्छ। त्यसैले अदालतको फैसलाले लागेको दण्ड जरिवानाको असूली यथासमयमा हुनु

पर्ने विषय युक्तियुक्त रुपमा सम्वोधन हुनु पर्ने कुरामा यो इजलासको पनि ध्यानाकर्षण भएको छ। यसरी जरिवाना असूल गर्दा सम्बन्धित कसूरदारको सम्पत्तिबाट असूल गरिनु पर्ने र निजको सम्पत्तिबाट असूल नभएमा मात्र जरिवाना वापत कैद गर्न सकिने गरी मुलुकी अपराध संहिता, २०७४ को दफा ४६(१) मा व्यवस्था भएको, त्यस्तो जरिवाना असूली प्रयोजनका लागि सम्पत्ति रोक्का राखु पर्ने गरी दफा १५६ मा व्यवस्था भएको र जमानत दिएको सम्पत्ति समेत लिलाम बिक्री गरी जरिवाना असूली गर्नु पर्ने गरी दफा १५७ मा व्यवस्था भएको देखिंदा यी व्यवस्थाहरुको प्रभावकारी कार्यान्वयन हुनु पर्ने तर्फ आवश्यक निर्देशन हुन मनासिब हुने देखिन आयो। किनभने कुनै कसूरदारको सम्बन्धमा थुनछेक वा पुनरावेदन दर्ताको क्रममा पनि पुर्पक्षको लागि नगद रकम धरौट वा जेथा जमानत लिने गरिएको तर फैसला अन्तिम भए पछि अदालतमा राखिएको नगद धरौट तत्कालै संचित कोषमा दाखिला गराउने वा जमानतमा राखिएको जेथा लिलाम बिक्री गरी असूल उपर गर्ने अभ्यास ज्यादै कम मात्र हुने गरेको देखिएको छ।

तसर्थ, जरिवाना असूलीका सम्बन्धमा मुलुकी अपराध संहिता, २०७४ को दफा ४६ तथा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५६, १५७ र १६२ लगायतका कानूनी व्यवस्थाहरुको परिप्रेक्षमा कसूरदारले राखेको नगद धरौट वा जमानत राखेको जेथाको विवरण अद्यावधिक गरी फैसला अन्तिम भए पछि तत्काले नगद धरौट संचित कोषमा दाखिला गराई र जमानत वापत दिएको जेथा लिलाम गरी असूल उपर गर्ने प्रभावकारी उपाय अवलम्वन गर्नु गराउनु भनी यसै अदालतका मुख्य रजिष्ट्रार मार्फत सर्वोच्च अदालत प्रशासनका नाममा समेत निर्देशनात्मक आदेश जारी गरी दिएको छ। आदेशानुसार गर्नु भनी अविलम्व सम्बन्धित अदालत, कार्यालय र पदाधिकारीका नाममा लेखी पठाउनू। –

न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश न्यायाधीश

इति संवत् २०८१ साल भदौ २० गते रोज ५ शुभम् ............................................।